सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

खबर

## होटल बिक्रिमा

गाईघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उत्तर तर्फ पिसजोन वोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्क -९८४२९९४३३०

मुलुकी दैनिक पत्रिकाको पाठकहरुको लागि अत्यन्तै जरुरी सुचना। तपाईहरुले २०७८ साल बैशाख ८ गतेदेखिको पत्रिकाको ग्राहक शुल्क पैसा तिर्न बाँकी रहेकोले ९८४२९८५१८८ मा सम्पर्क गरिदिनुहोला।

■ बर्ष-१५, ▶▶ अंक ४०४ भदौ १६ गते बुधबार,२०७८, September–1 Wednesday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ-४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

## कर छलीको सामान पक्राउ

❖ मुलुकी संवाददाता

*उदयपुर, भदौ १५*



राजश्व छली गरेर ल्याउँदै गरेको ठूलो परिमाणको सामान प्रहरीले फेला पारेर नियन्त्रणमा लिएको छ। राजश्व नतिरी जिल्ला सदरमुकाम भित्र्याउँदै गरेको अवस्थामा उदयपुर र सप्तरीको सीमा नाका त्रियुगा नगरपालिका ६ को लालपत्ता प्रहरी चौकीले नियन्त्रणमा लिएको १ सय ९९ थान मोबाईल प्रहरीले नियन्त्रणमा लिएको हो।

तीनदिनअघि साँझ ५:२० बजे काठमाडौँदेखि गाईघाट ल्याउँदै गरेको सामान चौकीले नियमित चेकजाँच गर्ने क्रममा कानुनी आधार खुल्ने कुनै कागजात नपाएपछि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ। प्रहरी प्रमुख एसपी सुवासचन्द्र बोहरका अनुसार हरेक सामानको अनलाईन बील हुनुपर्नेमा त्यो नपाइएपछि कर छली गरेर ल्याएको ठहर गर्दै नियन्त्रणमा लिइएको हो। अवैध सामान अनुमानित १ लाख ८५ हजार हाराहारीको रहेको प्रारम्भिक मल्यांकन प्रहरीले गरेको छ। आईतबार साँझ पक्राउ परेको सामान सोमबार सार्वजनिक बिदा परेका कारण मंगलबार थप कारबाहीका लागि करदाता सेवा कार्यालय गाईघाटको जिम्मा लगाइएको एसपी बोहराले बताए



छानो खोइ ? उदयपुर जिल्लाको उदयपुरगढी गाउपालिकाको वडा नम्बर १ ताबश्री को हुलाक भन्ज्याङ माथी शिखरपुरमा रहेको आधारभुत बिधालयको बिधालयको छानो हावाले उडायर बेपत्ता भएको छ। तस्विर - बुद्धि कुमार राई।

## सडकपेटीको रड हटाईयो

❖ बेद कुमारी राई

*उदयपुर, भदौ १५*

मदन भण्डारि लोकमार्ग अर्न्तगत उदयपुर जिल्लाको सदरमुकाम गाईघाटको सेतो पुल श्रमिक पार्क भगवती मन्दिर मुनि सडकपेटिमा रहेको फलामको रड सडकपेटिबाट हटाईएको छ।

गत भदौ १२ गते शनिबार मुलुकी दैनिकमा सो सडकपेटिको रडको फोटो र समाचार मुलुकी दैनिकमा प्रकाशन भएपछी ब्यापारिले सो सडकपेटि बाट रड हटाएको हो।









## सुचना ! सुचना !! सुचना !!!

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अर्न्तगत शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (Event – II)दोश्रोद्वारा विश्व बैंकको अनुदान सहयोगमा बेरोजगार युवा र युवतीहरुलाई लक्षित रोजगार स्वरोजगार तालिम संचालन गर्ने लक्ष्य अनुसार यस सिद्धार्थ कलेज अफ टेक्निकल साईन्स प्रा.लि.काठमाडौंले निम्न विषय र स्थानमा नतिजामा आधारित छोटो अवधिको तीनमहिने (३९० घण्टा) निशुल्क तालिम संचालन गर्नका लागि आवेदन फाराम खुल्ला गरिएको जानकारी गराईन्छ।

तालिम हुने विषय :

१.ब्युटिपार्लर लेबल - १ , ४० महिला

आवेदन फर्म भर्ने मिती :- २०७८/०५/१९ सम्म

लक्ष्मी खड्का

कटारी , ३ , उदयपुर

सम्पर्क नम्बर : ९८१३९६७४७३

# चौदण्डीगढीमा नेकपा माओवादी निकिट अखिल क्रान्तिकारी चलायमान

### सम्पादकीय

## नेपाली काङ्ग्रेसलाई अबसर

नेपाली काङ्ग्रेस पाटी अहिले सरकारमा छ। पाटीको महाधिबेसनमा होमिईरहेको नेपाली काङ्ग्रेसको देशभर भदौ १८ गते शुक्रबार वडा अधिबेशन हुँदैछ। पाटीलाई पुन जिवन दिन यो वडा अधिबेशनले नेपाली काङ्ग्रेसलाई नयाँ नेतृत्व छान्न ठुलो अबसर मिलेको छ । उदयपुर जिल्लाको ४ नगरपालिका र ४ गाउँपालिकामा आठ स्थानीय तहमा गाउँपालिकामा कम्तिमा ५ वडादेखि नगरपालिकामा १६ वटा सम्म वडाहरु रहेको छ । उदयपुर भरी ७५ वडामा भदौ १८ गते नयाँ वडा सभापति नेपाली काङ्ग्रेसले छान्नेछ। यो पटक वडा अध्यक्षहरुमा नयाँ युवा नेतृत्वले उमेदवारी दिएका छन्। नेपाली काङ्ग्रेसको जिबनमा बुढापाका पुराना नेताले बर्षौ बर्ष नेतृत्व गर्दै आएको आरोप खेपिरहेकामा यो पटक हरेका वडाले नयाँ युवा नेतृत्व छान्नु पर्ने बाध्यता पनि काङ्ग्रेसलाई छ ।

आउँदो भदौ १८ गते नेपाली काङ्ग्रेसको देशभरकै वडाले नयाँ सभापति पाउनेछ। यि वडा सभापतिनै काङ्ग्रेसको जग भएकाले पनि वडा सभापति चुन्ने बेला काङ्ग्रेसले सोचेर नेतृत्व चुन्नेछ । देशको लामो इतिहास बोकेको परिवर्तन र बिकासका साचि बनेको काङ्ग्रेसमा २० बर्षसम्म ४ कार्यकाल सभापति भएका ५०-६० बर्ष उमेर देखि २५ बर्ष उमेर सम्मका वडा सभापति काङ्ग्रेसमा छ । अहिले नेपाली काङ्ग्रेसलाई देशको नै ठूलो पाटी हुने अबसर छ । यस अघि २०७४ सालमा भएको स्थानीय र संघीय चुनावमा एमाले माओवादीको गठबन्धनलाई कडा टक्कर दिएको काङ्ग्रेस अहिले अझ सशक्त भएको छ। नेकपा एमाले विभाजन भईरहेको अबस्थामा अब हुने चुनाबमा नेपाली काङ्ग्रेसलाई सहज छ । अझ भन्ने हो भने काङ्ग्रेसमा जति नै बिबाद, झगडा भईहाले पनि पाटी नै विभाजन सम्म जादैन । चुनाबको बेला एक ढिक्का हुने काङ्ग्रेसले नयाँ नेतृत्व पाउन र निर्बाचित गर्न जरुरी छ ।

केन्द्र होस या जिल्लामा एउटै ब्यात्कि सभापतिमा दोहोरिनु भनेको काङ्ग्रेसलाई घाटा हो । नेपाली काङ्ग्रेसको एउटै ब्यात्कि कति बर्ष सभापति भईरहने ? नेपाली काङ्ग्रेसले जिल्ला तहमा महिला नेतृत्व पाउन पनि जरुरी छ । नेपाली काङ्ग्रेसले जिल्ला सभापतिमा नयाँ सभापति पाउनु पनि काङ्ग्रेसको प्रगतिमा जग हो । नेपाली काङग्रेसका वडा सभापतिहरु नै जिल्लाको नगर, क्षेत्र, जिल्ला सभापति छान्ने भएकाले नगर सभापतिहरु युवा, क्रियाशिल, क्षमतावान, साझा ब्यात्कि निर्बाचित हुन जरुरी छ। नयाँ वडा सभापतिहरुले आउने स्थानीय, संघिय चुनावमा विपक्षी दललाई कडा टक्कर दिएर वडाहरुमा आफ्नो दलको वडा सभापतिहरुलाई जिताउन बिशेष भुमिका खेल्न सक्ने वडा सभापतिहरु जिताउन जरुरी छ। नेपाली काङ्ग्रेसलाई अहिले भ्याईनभ्याई छ। वडामा आफु निकट वडा सभापतिहरु जिताउन गुट गटका नेताहरु अहिले सक्रिय भएर लागेका छन् । समग्रमा काङ्ग्रेसले वडा सभापतिहरुमा नयाँ, युवा, सक्रिय, क्षमतावान वडा सभापतिहरु निर्बाचित गर्न जरुरी छ ।

### गाईघाट बजारको खुद्रा तरकारी भाउ ।

| | |
|---|---|
| १, आलु रु ४० | १६, धनियाँ रु ४० |
| २, अदुवा रु १२० | १७, लोकल बोडी रु १०० |
| ३, टमाटर रु ५० | १८, खर्बुजा रु ४० |
| ४, बन्दा रु ६० | १९, रायो साग रु १६० |
| ५, भेन्टा रु ४० | २०, लट्टे साग रु ८० |
| ६, खुर्सानी रु ७० | २१, प्याज रु ६० |
| ७, मुला रु १२० | २२, निगुरो रु ६० |
| ८, पर्वल रु ६० | २३ दुध रु. ७० |
| ९, तितेकरेला रु १०० | २४, दही रु ९० |
| १०, भिन्डी रु ७० | २५, मोही रु ५० |
| ११, च्याउ रु २४० | २६, घ्यु रु ७०० |
| १२, काउली रु १६० | २७, राँगाको मासु रु ४०० |
| १३, पर्सी रु ४० | २८, बंगुरको मासु रु ४०० |
| १४, कटहर रु ४० | २९, खसीको मासु रु १,००० |
| १५, काँका रु ५० | |

❖ मुलुकी संवाद्दाता

*उदयपुर, भदौ १५*

सर्वोच्च अदालतको फैसलापछि एमालसँग अलग भएको नेकपा (माओबादी केन्द) अहिले देशव्यापी संगठन विस्तार अभियानमा जुटेको छ। पार्टीलाई संघीयताको ढाँचामा ढालेर जिल्ला कमिटी बिघटन गरेको माओबादीले नवर्गीय संगठनहरुको भेला र पुनर्गठन कार्यलाई तिब्र पारिरहेको छ ।

यसै क्रममा पार्टीनिकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु क्रान्तिकारी)को जिल्लाव्यापी संगठन विस्तार तथा भेला आयोजना गर्ने क्रम जारी छ । जस अनुसार अघिल्लो दिन त्रियुगा नगर सम्मेलन सकेर नयाँ नेतृत्व चयन गरेको अखिलले मंगलबार चौदण्डीगढी नगर सम्मेलन सक्दै नयाँ नेतृत्व छानेको छ ।

पार्टीका प्रदेश कमिटी सदस्य राजन किराति (बासु) को प्रमुख आतिथ्य र अखिल केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज भरत घिमिरेको विशेष आतिथ्यमा सम्पन्न सम्मेलनले सञ्जय राईको अध्यक्षतामा २७ सदस्यीय चौदन्डिगडी नगरस्तरीय कमिटी गठन गरेको छ । कमिटिको




उपाध्यक्षमा अनुजा बयलकोटी र हेमराज थापामगर छानिएका छन् भने सचिवमा ज्ञानदिल राई चयन भएका छन् ।

त्यसै गरी दुई सहसचिवमा रीना राई र अनिशा राई चयन गरेको सम्मेलनले कोषाध्यक्षमा रेनुका खड्कालाई निर्वाचित गरेको छ । बेलटार बजारस्थित भूपू सैनिक भवनमा आयोजित कार्यक्रममा माओवादी केन्द्रका साविक जिल्ला सदस्य तथा चौदन्डीगढी नगर इन्चार्ज कुमार खड्का, पूर्व विद्यार्थी नेता दिनेश राई, मणिराज राई, कुमार राई, पासाङ राई, बिजय कार्की, राजेश लामिछानेलगायत नेताहरुको उपस्थिति थियो ।

करिब १ सय ५० हाराहारी विद्यार्थीको सहभागिता रहेको प्रथम नगर सम्मेलनमा बोल्दै प्रमुख अतिथि किरातीले पार्टी र विद्यार्थी राजनीतिबारे धारणा राख्दै नेकपा माओबादी केन्द्रलाई सवलीकरण, सुदृढिकरण गर्दै जनमैत्री लयमा ढाल्न सम्पूर्ण विद्यार्थी, युवा, महिला, मजदुर र सबै तहतप्का लागी पर्नुपर्ने बताए । देशी प्रतिक्रियाबादीहरुले विदेशीको इशारामा १० वर्षे जनयुद्ध र ऐतिहासिक जनआन्दोलनबाट प्राप्त संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी समानुपातिक व्यवस्थासहितको परिवर्तनका उपलब्धीहरुलाई नामेट पार्ने प्रयास गरिरहेको भन्दै त्यको विरुद्ध एक भएर लाग्न नेता कार्यकर्तालाई उनको आग्रह थियो ।

अखिल (क्रान्तिकारी) उदयपुरका अध्यक्ष बिमल कार्कीको अध्यक्षतामा विद्यार्थी नेता सीताराम राउतका सञ्चालनमा सम्पन्न कार्यक्रममा विशेष अतिथि केन्द्रीय सदस्य घिमिरेले विद्यार्थी संगठनको अबको कार्यभार र राष्ट्रिय, अन्तर्राष्ट्रिय, शैक्षिक सवालको बारेमा महत्वपूर्ण भनाई राखेका थिए । त्यस्तै अर्का विद्यार्थी नेता दिनेश राईले विद्यार्थी राजनीति र समयसामयिक बषयमा भनाई राखेका थिए । त्रियुगाबाट सुरु गरेको अखिलको नगर सम्मेलन चौदण्डीगढीपछि क्रमशः बेलका, कटारी हुँदै जिल्लाका ८ वटै स्थानीयतहमा सकेर आउँदो २५ गतिभित्र जिल्ला सम्मेलन गर्नेगरी तयारी भईरहेको अध्यक्ष कार्कीले बताए । अखिल (क्रान्तिकारी)लाई देशव्यापी संगठन विस्तार गर्ने नीति अनुसार अभियान अगाडि बढाइको घिमिरेले बताए । अखिल क्रान्तिकारीको राष्ट्रिय सम्मेलन आउँदो असोज ८ देखि १० गतेसम्म काठमाडौंमा गर्ने घोषित योजना अनुसार गाउँ, नगर र जिल्ला, प्रदेश सम्मेलन हुने जनाइएको छ ।




## नेपाल...

घरेलु फुटबलमा अखिल नेपाल फुटल संघ (एन्फा) ले आयोजना गरिरहेको सी डिभिजन छनौटमा पश्चिम काठमाडौं क्लब र बनेपा ब्वाइज क्लबे जितहात पारेका छन् । समुह डी को अन्तिम खेलमा जीतहात पारेसँगै काठमाडौं अघिल्लो चरण प्रवेश गर्न सफल भएको छ । खेलसकिन तीन मिनेटबाँकी हुँदा संगम दर्जीले गोल गरेपछि काठमाडौं विजयी हुन सफल भयो ।

उनले डिबक्स बाहिर ३५ यार्ड टाढा जतिबाट गरेको लामो प्रहार सोभ्कै गोलमा परिपत भएको थियो । उनी नै म्यान अफ द म्याच भए । उसो त १८ औं मिनेटमा रितेश क्षेत्रीले पेनाल्टीमा गोल गर्न सक्को भए काठमाडौं छिट्टै नै अग्रता लिन सफल हुनेथियो। यद्यपि जितपछि काठमाडौं समुह विजेता बन्दै अघि बढ्न सफल भयो । अब दोस्रो चरणमा सबै खेलहरु नकआउट आधारमा हुनेछ । काठमाडौंसँग पराजित भएपछि लिखु भुजी रामेछाप युथ क्लब प्रतियोगिताबाट बाहिरिएको छ।

रामेछापलाई बराबरीले मात्र पनि अघि बढाउन सक्थ्यो भने काठमाडौंलाई जित्नैपर्ने दबाब थियो। तर अन्तिम खेलमा कम्तीमा बराबरी पनि गर्न सकेन र पराजित हुँदै रामेछाप छनौटबाटै बाहिरिएको छ । मंगलबार नै भएको पहिलो खेलमा भने बनेपाले भर्सिटी फुटबल क्लबलाई १३-१ ले धुलो चटाइदियो। खेलमा अग्रता भने भर्सिटीले लिएको थियो । नवौं मिनेटमा ४० यार्ड टाढाबाट बिशाल बानियाँले फ्रिकिकमा सोभ्कै गोल गरेपछि बनेपा चकित परेको थियो । तर खेलको अन्त्यसम्म आउँदा बनेपाले लगालग १३ गोल फर्कायो ।

बनेपाको लागि कप्तान समन श्रेष्ठले ह्याट्रिक र म्यान अफ द म्याच साहिल केसीले डबल ह्याट्रिक गरे । साहिलले १३ औं, १८ औं, ३६ औं, ४२ औं, ५६ औं र ९० मिनेपछिको इन्ज्यूरी समयको तेस्रो मिनेटमा गोल गरेका थिए । समनले चाँहि ५४ औं, ५७ औं र ७५ औं मिनेटमा गोल गरेका थिए । सजिव गुर्माछाने मगरले ७ औं र ८ औं मिनेटमा दुई गोल अनि खडकबहादुर सुरांगीले २६ औं र योगेश लिम्बूले ४८ औं मिनेटमा एकएक गोल थपेर ठुलो जित निकालेपनि दुवै टोली यसअघि नै प्रतियोगिताबाट बाहिरिसकेकोले यो औपचारिक खेलमात्र थियो ।

# जनज्योतिमा टोलको मामपाको

❖ मुलुकी संवाददाता

*असारी, भदौ १५*

अमेरिकन च्यालेन्ज कर्पोरेशन (एमसीसी) नेपालमा कुनै हालतमा लागू गर्न नदिने अडान लिदै आएको माओबादी मजदुर पार्टी (मामपा)ले त्रियुगा नगरपालिका १३ मा इकाई कमिटी गठन गरेको छ।

त्रियुगा १३ को जनज्योति टोलमा मंगलबार सम्पन्न भेलाले प्रदिप फुयालको अध्यक्षतामा ९ सदस्यीय इकाई कमिटी गठन गरेको हो। पार्टी केन्द्रीय तदर्थ समितिका प्रवक्ता जगत कटुवालको उपस्थितिमा भएको भेलाले गठन गरेको समितिमा कोपिला बुढाथोकी उपाध्यक्ष, निर्मला कटुवाल सचिव, तारा राउत सहसचिव र जानुका कार्कीलाई कोषाध्यक्षमा चयन गरेको छ।

त्यस्तै सदस्यमा प्रतिक मगर, गीता कार्की, निशा खड्का, जमुना फुयाल र दिनेश विष्टलाई चयन गरेको पार्टीले जनाएको छ । सहयोगको नाममा नेपालमा एमसीसीमार्फत सेना भित्र्याएर नेपाली जनतामाथि विस्तारबादी नीति अख्तियार गर्न खोजेको भन्दै मामपाले चर्को विरोध गर्दै आएको छ। देश र जनताप्रति घात हुनेखालका कुनै पनि सहयोग परियोजना ल्याउन नहुने ठहरका साथ पार्टीले एमसीसीको विरोध गरेको तदर्थ समितिका महासचिव हिमालसिंह राईले बताएका छन् ।








यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ। साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ।
उदयपुर तथा छिमेकी जिल्लाहरुमा होलसेलमा बिक्री सप्लाई गरिन्छ।
न्यु हलेसी फुटवेयर सप्लार्यस। त्रिनपा ११ गाईघाट, उदयपुर।
प्रोपाइटर – सुमन कटुवाल। सम्पर्क ९८५१११०१६८।




बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिरको पुलको दक्षिण ।

सानुमाया फर्निचर उद्योग



प्रोपाईटर
कैलाश खत्री

सानुमाया फर्निचर उद्योग
त्रियुगा नगरपालिका ११, गाईघाट, उदयपुर। सम्पर्क – ९८११७५०८४४

# नेपाल भारत खेलको समय तोकियो

❖ बिबेक राई

*उदयपुर, भदौ १५*

नेपाल र भारतबीच हुने भनिएको मैत्रीपूर्ण खेलको समय तोकिएको छ। यसअघि अखिल नेपाल फुटबल संघ (एन्फा) ले खेलको मितिमात्र तोकेकोमा मंगलबार भने समय नै तोकिदिएको छ। यहि भदौ १७ र २० गत्ते नेपाल र भारतले दुई मैत्रीपूर्ण खेल खेल्दैछन्। दुवै खेल काठमाडौँको त्रिपुरेश्वरस्थीत दशरथ रंगशालामा साँझ ५:३० बजे हुनेछ। साँझको समयबाट सुरु हुने खेल खेल्दा रात पर्ने भएकोले मैदान फ्लड लाइटको व्यवस्था पनि गरिएको छ। तर दर्शक उपस्थितिबारे टुंगो लागिहालेको छैन।

मैदानमा दर्शकलाई छिर्न दिने वा नदिने भन्ने विषयमा एन्फाले आज निर्णय गर्ने भएको छ। कोरोनाविरुद्धको भ्याक्सिन लगाएको दर्शकलाई खेल हेर्नु रंगशाला प्रवेशको अनुमति दिने सम्भावना पनि रहेको छ। तर यस विषयमा एन्फाले निर्णय भने दिइहालेको छैन। मौसमको पूर्वानुमानले मैत्रीपूर्ण खेलको मितिमा वर्षा हुने अधिक सम्भावना

*नेपाल र भारतबीच हुने भनिएको मैत्रीपूर्ण खेलको समय तोकिएको छ। यसअघि अखिल नेपाल फुटबल संघ (एन्फा) ले खेलको मितिमात्र तोकेकोमा मंगलबार भने समय नै तोकिदिएको छ। यहि भदौ १७ र २० गत्ते नेपाल र भारतले दुई मैत्रीपूर्ण खेल खेल्दैछन्। दुवै खेल काठमाडौँको त्रिपुरेश्वरस्थीत दशरथ रंगशालामा साँझ ५:३० बजे हुनेछ। साँझको समयबाट सुरु हुने खेल खेल्दा रात पर्ने भएकोले मैदान फ्लड लाइटको व्यवस्था पनि गरिएको छ। तर दर्शक उपस्थितिबारे टुंगो लागिहालेको छैन*

देखाएपनि खेल नरोकिने भएको छ। नेपाल र भारत दुवैले आउँदै गरेको साफ च्याम्पियनसिपलाई लक्षित गरि मैत्रीपूर्ण खेल खेल्न लागेका हुन्।

मैत्रीपूर्ण खेल खेल्नुलाई भारतीय टोली सोमबार नै नेपाल आइसकेका छन्। नेपाली मुलका भारतीय कप्तान सुनिल क्षेत्रीले नेपाली भाषामा नै आफ्ना हजुरबुवा हजुरआमाको देशमा खेल्नु पाउनु खुशिको कुरा हुने बताइसकेका छन्। नेपाली टोलीले पनि १७ दिनजति पोखरामा बन्द प्रशिक्षण गरिसकेको छ। नेपालले अहिलेसम्म भारतसँग जम्मा तीन मैत्रीपूर्ण खेल खेलेको छ जसमा एक बराबरी र दुईमा हार व्योहोरेको छ। नेपालले ती दुवै हार २-० ले भोगेको थियो।

नेपाल र भारतको पछिल्लो भेट चारवर्ष अघि २०१७ जुन ६ तारिखमा मैत्रीपूर्ण खेलमा भएको थियो। त्यतिबेला भारत २-० ले विजयी भएको थियो। यता

-बाकी ३ पेजमा



उदयपुर जिल्लाको ताप्ली गाउपालिकाको केन्द्र रहेको रुपाटारमा गाउपालिकाले निर्माण गर्दै गरेको रंगशाला। तस्बिर - बुद्धि कुमार राइ







प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण : लक्ष्मी अफसेटप्रेस, गाईघाट